[ङ] इमारतभित्र वा त्यसको कुनै भागभित्रका जुनसुकै सरसामान मालमत्ता तथा साजबाजहरू समेत सम्झनुपर्दछ ।

[च] 'मोही' भन्नाले भगनीदार वा इजाजत लो बसेको व्यक्तिसमेत सम्झनुपर्दछ ।

३. अचल सम्पत्ति अधिग्रहण गर्ने अधिकारः—

(१) कुनै सार्वजनिक कामको निमित्त कुनै अचल सम्पत्तिको आवश्यकता परेको छ वा पर्ने सम्भवना छ र त्यसलाई अधिग्रहण गर्नुपर्दछ भन्ने लागेमा सरकारले—

[क] सम्पत्तिको धनी वा त्यसलाई चलन गर्ने अरू कुनै व्यक्तिले सो सम्पत्ति सरकारबाट अधिग्रहण गर्न नहुने कारण भएमा कारणसमेत खोली सूचना पाएको १५ दिनभित्र भएको बेहोरा सरकारमा पेश गर्न आउनु भनी सो सम्पत्तिधनी वा त्यसलाई चलन गर्ने अरू कुनै व्यक्तिका नाउँमा लिखित सूचना दिनुपर्दछ र,

[ख] आदेशद्वारा सम्पत्तिको धनी वा अरू कुनै व्यक्तिले सो आदेश पाएका मितिले १५ दिन नपुगी सरकारको स्वीकृतिविना सो सम्पत्ति बेच्न, त्यसको आकारमा हेरफेर गर्न वा कुनै मोहीलाई बहाल दिनसमेत हुँदैन भनी निर्देश गर्न सक्छ ।

(२) सम्पत्ति चलन गर्ने वा त्यससा हाव वा सरोकार भएका कुनै व्यक्तिले कुनै कारण देखाएको भए सो विचार गरेपछि सम्पत्ति अधिग्रहण गर्नु उचित वा आवश्यक छ भन्ने लागेमा सरकारले लिखित आदेशद्वारा त्यस्तो सम्पत्ति अधिग्रहण गर्ने र त्यस्तो अधिग्रहण गरिएको कामको सम्बन्धमा आवश्यक तथा उचित देखिएको अरू आदेशहरू पनि निकाल्न सक्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर देशभरका कुनै पनि सम्पत्ति वा त्यसको कुनै भाग अधिग्रहण गरिनेछैन ।

[क] धनीले आफ्नो निजी वा आफ्ना जहान परिवारको वासस्थानको निमित्त वस्तुतः प्रयोग गरिराखेको वा

[ख] धार्मिक पूजापाठ गर्ने स्थान वा स्कूल, अस्पताल, पब्लिक पुस्तकालय, धर्मशाला वा अनाथालयको निमित्त मात्र प्रयोग भइराखेको वा त्यस्तो धार्मिक पूजापाठ, स्कूल, अस्पताल, पुस्तकालय वा अनाथालयको बन्दोबस्ती काम सम्बन्धित व्यक्तिहरू रहनको निमित्त प्रयोग गरिराखेको समेत सार्वजनिक स्थान ।

तर अधिग्रहण गरिएको सम्पत्ति माथि उपदफा [१] अन्तर्गत सूचना दिइएको मितिले २ महिना अघिदेखि कुनै मोहीले वासस्थानको रूपमा प्रयोग गरिआएको भए त्यस्तो मोहीको निमित्त सरकारले उपयुक्त ठानेबमोजिमको सकभर अर्को वासस्थानको प्रबन्ध गरिदिनेछ ।

[६] यो दफाअन्तर्गत निकालिएको अधिग्रहणको आदेशउपर कुनै अदालतमा सवाल, जवाफ गरिनेछैन ।

४ अधिग्रहण गरिएको सम्पत्ति सरकार अधीनस्थ गराउने अधिकारः—

(१) दफा २ अन्तर्गत कुनै सम्पत्ति अधिग्रहण गरिएमा त्यसको धनी वा त्यसलाई चलन गर्ने अरू कुनै व्यक्तिले सूचना पाएका मितिले १५ दिनभित्र सूचनामा तोकिएका अफिसरलाई सो सम्पत्ति बुझाइदिनु वा छाडिदिनु भनी त्यस्तो सम्पत्तिधनी वा त्यसलाई चलन गर्ने व्यक्तिका नाउँमा सरकारले लिखित सूचनाको रूपमा आदेश निकाल्न सक्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कुनै व्यक्तिले उपदफा १ अन्तर्गत निकालिएको कुनै आदेश पालन गर्न इन्कार गरेमा वा त्यसको उल्लङ्घन गरेमा सो सम्बन्धमा अधिकार पाएका अफिसरले सम्पत्ति कब्जा गर्न र गराउन आवश्यक बल-प्रयोगसमेत गर्न सक्तछ ।

**५. अधिग्रहण गरिएको सम्पत्ति हेरफेर तथा मरमत गर्ने :—**

दफा ३ अन्तर्गत कुनै घरजग्गा अधिग्रहण गरेपछि सरकारले आदेशद्वारा त्यस्तो घर जग्गा सोही आदेशमा तोकिएबमोजिमको तरिका र समयमा धनीबाट आवश्यक मरमत गर्न लगाउन सक्नेछ र त्यस्तो आदेशबमोजिम गर्नुपर्ने कुनै मरमत धनीले नगरेमा सरकारले सो मरमत गराई कुनै क्षतिपूर्ति पाउने भए त्यसबाट लागेका खर्च कटाउने गरी गर्न सक्तछ ।

अधिग्रहण गरिएका घर जग्गालाई अधिक सुलभ तरिकाबाट चलन गर्नको निमित्त सरकारले आफ्नो खर्च लगाई मनासिबमाफिकको हेरफेर पनि गर्नेछ ।

**६. अधिग्रहण गरेको फुकुवा गर्ने:—**

[१] सरकारले यस ऐनअन्तर्गत अधिग्रहण गरेको कुनै सम्पत्ति जुनसुकै बखत फुकुवा गर्न सक्दछ र त्यो सम्पत्ति सरकारले अधिग्रहण गर्दा जुन हालत मा थियो, यथासम्भव सोही हालतमा फर्काइदिनेछ ।

तर दफा ५ को उपदफा (२) बमोजिम गरिएको अदल बदल र चल चलतीबाट भएको स्वाभाविक नोक्सानी वा दैवी घटनाको विचार गरिनेछैन ।

[२] कुनै सम्पत्ति अधिग्रहणबाट फुकुवा गर्दा सरकारले कुनै जाँचबुझ गर्नु पराउन आवश्यक सम्झे सो जाँचबुझ गरी गराई सो सम्पत्ति कसला

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०१

फिर्ता दिने हो, सो कुराको लिखित सूचना दिनेछ र यथासम्भव सो सम्पत्ति जुन जसबाट अधिग्रहण गरिएको हो, उसैलाई वा त्यसमा दावी पुग्ने उसैका हकवालालाई दिइनेछ।

[३] अधिग्रहण गरिएको सम्पत्ति उपदफा (२ अन्तर्गत निकालेको आदेशमा उल्लेख गरिएको व्यक्तिलाई बुझाई दिएपछि त्यस सम्पत्तिबारे सरकारको सबै दायित्व खतम हुनेछ। तर सम्पत्ति बुझी लिने मानिसको विरुद्ध सो सम्पत्तिमा हक पुग्ने अरु कुनै व्यक्तिको कानुनी रीत पुऱ्याई आफ्नो हक प्रचलन गर्न अधिकारमा कुनै खलल गर्नेछैन।

(४) अधिग्रहण गरिएको सम्पत्ति फिर्ता बुझी लिने व्यक्ति पत्ता नलागेमा र सो व्यक्तिको तर्फबाट बुझी लिने अख्तियार पाएको कुनै एजेण्ट वा अरु व्यक्ति नभएमा सरकारले सो सम्पत्तिको अधिग्रहण फुकुवा गरिएको छ भनी नेपाल गजेटमा सूचना प्रकाशित गर्नेछ र यस्तो सूचना प्रकाशित भएका मितिदेखि सो सम्पत्ति सरोकारवाला व्यक्तिलाई बुझाइदिएको संझिइनेछ।

७. <u>क्षतिपूर्ति दिने:—</u>

यस ऐनअन्तर्गत कुनै सम्पत्ति अधिग्रहण गरिएमा सरकारले क्षतिपूर्ति दिनेछ र दफा ८ मा तोकिएका सिद्धान्तअनुसार सो क्षतिपूर्तिको मूल्याङ्कन गरिनेछ।

तर धनीले नेपालको नागरिक रही नेपाल राज्यबाहिर साधारणतः बसोवास गर्ने गरेको छ वा आफ्ना चल सम्पत्तिको अधिकांश भाग नेपाल राज्यबाहिर लगाएको छ भन्ने सरकारको चित्तमा लागेमा वा विचार भएमा त्यस्ता धनीलाई कुनै क्षतिपूर्ति दिइनेछैन।

८. <u>क्षतिपूर्ति तोक्ने सिद्धान्त र तरिका:—</u>

(१) दफा ७ मा उल्लेख गरेका क्षतिपूर्ति देहायका तरिकाबाट तोकिनेछ।

(क) क्षतिपूर्ति अङ्क मञ्जूरीनामामा किटिएकोमा सोही मंजुरीनामाबमोजिम,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) मंजुरनामा नभएमा सरकारले बहालवाला वा अवकाश प्राप्त कुनै न्यायाधीशलाई मध्यस्थ नियुक्त गर्नेछ र सो मध्यस्थको निर्णय अनुसार क्षतिपूर्ति दिइनेछ ।

(२) अधिग्रहण गरिएको सम्पत्तिको क्षतिपूर्ति दिंदा देहायबमोजिम दिनुपर्छ ।

(क) अधिग्रहण गरिएको अवधिभरलाई सो अधिग्रहण गरिएको सम्पत्तिको भोग चलन ठेक्कामा गरिएको भए सो भोग चलन गर्दा जति बहाल वा तिरो तिर्नुपर्दथ्यो त्यत्ति र,

(ख) अधिग्रहण अवधिभित्र त्यस सम्पत्तिमा भएको नोक्सानी । चलन चल्तीबाट भएको स्वाभाविक नोक्सानीको वा दैवी घटनाको र उपदफा ५ (१) अन्तर्गत गरिएको हेरफेर विचार गरिनेछैन, र

(ग) सो सम्पत्ति अधिग्रहण गर्दा जुन अवस्थामा थियो, सोही अवस्थामा ल्याउन लाग्ने खर्च ।

९. अधिकार सुम्पने :—

यस ऐन अन्तर्गत आफूले प्रयोग गर्न पाउने अधिकारहरू सूचनामा तोकिए बमोजिमका अवस्था तथा शर्तमा कुनै १ सरकारी अफिसरले प्रयोग गर्न पाउने गरी सरकारले नेपाल गजेटमा प्रकाशित सूचनाद्वारा आदेश गर्न सक्नेछ ।

१० दण्ड सजाय:—

यस ऐनमा लेखिएको कुराहरू वा यस अन्तर्गत बनेका कुनै नियम उल्लंघन गर्ने वा यस ऐनद्वारा वा यस ऐनले दिएको कुनै अधिकारको कानूनी प्रयोग मा बाधा पुर्‍याउने व्यक्तिलाई रु. १०००। सम्म जरिवाना वा ६ महिना कैद वा दुवै सजाय हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## ११ नियम बनाउने अधिकारः—

यस ऐनको उद्देश्य कार्यान्वित गर्नको लागि सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी नियमहरु बनाउन सक्छ ।

सदर मिति संवत २०१३ साल भाद्र १६ गते रोज ६ शुभम्

आज्ञाले—

नयनबहादुर,

का. मु. सेक्रेटरी—कानूनमन्त्रालय

गोरखापत्र छापाखानामा मुद्रित । मेनेजर, प्रेमराज शर्मा

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल गजेट

## भाग २

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६] काठमाडौं भाद्र २२ गते २०१३ साल [अतिरिक्ताङ्क १

## कानूनमन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको निमित्त प्रकाशित गरिएको छ।

### २०१३ सालको ऐन नं. ५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावलीविराजमानमानोन्नत ओजस्वीराजन्य प्रोज्ज्वल नेपालतारा ॐरामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबलगोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीरविक्रम शाहबहादुर शमशेर जङ्गदेवानाम सदा समरविजयिनाम् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 156

# अचल सम्पत्ति अधिग्रहण गर्नेको निमित्त बनेको ऐन

सरकारी कामको निमित्त अचल सम्पत्ति अधिग्रहण गर्ने उचित व्यवस्था गर्नुपर्ने आवश्यक परेकोले श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलको सल्लाहअनुसार यो ऐन बनाई जारी गरबक्सेको छ।

१. संक्षिप्त नाम विस्तार तथा प्रारम्भः—

(१) यस ऐनको नाम–'अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३' रहेको छ।

(२) यो ऐन काठमाडौं उपत्यकामा तुरुन्तै र अरु इलाकाहरुमा सरकारले गजेटमा सूचना प्रकाश गरी तोकिएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः —

विषय वा प्रसंगले अर्कै अर्थ नलागेमा यस ऐनमा —

(क) 'धनी' भन्नाले आफ्नै, वा अरु कुनै व्यक्तिको निमित्त वा निजको फाइदाको निमित्त वा कुनै अर्कै व्यक्तिको गुठीयार वा संरक्षक भई कुनै घर जग्गाको बहाल तत्काल पाइरहेको वा पाउने अधिकार भएको वा त्यस्ता घर जग्गा बहालमा दिएमा सो बहाल पाउने तथा तिन अधिकार भएको व्यक्ति सम्झनुपर्छ।

(ख) कुनै सम्पत्तिको सम्बन्धमा प्रयोग गरिने सरोकारवाला व्यक्ति भन्ने शब्दले यस ऐनअन्तर्गत त्यस्तो सम्पत्ति अधिग्रहण गरिएको कारणबाट दिइने क्षतिपूर्तिमा हक दावा गर्ने वा सो गर्ने अधिकार पाएको सबै व्यक्तिहरु समेतलाई लिनेछ।

[ग] 'घरजग्गा' भन्नाले कुनै इमारत वा त्यसको कुनै भाग र—

[१] त्यस्तो इमारत वा त्यसको कुनै भागका बनापातको कुनै बगैंचा जमीन र टहरो भए त्यस्ता बगैंचा, जमीन टहरो,

[२] अधिक लाभदायक उपभोगको निमित्त त्यस्तो इमारतसँग वा त्यसको कुनै भागसँग जडान गरी राखिएका वस्तुहरु र,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।